श्री

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक, ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**फैसला**

२०७७।०७८ सालको निर्णय नं.१४०

पुनरावेदन नं. ०७६-RB-००८९

**मुद्दाः– अन्तःशुल्क टिकट हिनामिना**

कारागार कार्यालय वीरगंज, पर्सामा थुनामा रहेको वीरगंज महानगरपालिका २, पर्सा बस्ने उदयपुर डिष्टिलरी प्रा.लि.का संचालक वर्ष ४८ को ओम प्रकाश कलवार.....१ } पुनरावेदक

**विरुद्ध**

अनुसन्धान अधिकृतहरु राजकुमार पोखरेल र सरोज कुमार सिंह समेतको प्रतिवेदनले नेपाल सरकार..........................................................................................१

आन्तरिक राजस्व कार्यालय, वीरगंज, पर्सा...................................................१ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरुः**

पुनरावेदकका तर्फबाट : विद्वान वरिष्ठ अधिवक्ता श्री शम्भु थापा

: विद्वान वरिष्ठ अधिवक्ता श्री तुलसी भट्ट

: विद्वान अधिवक्ता श्री नारायण नेपाल

प्रत्यर्थीका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री संजित गौतम

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारीः**

मुद्दा फैसला गर्ने कार्यालयः- श्री आन्तरिक राजस्व कार्यालय, वीरगंज, पर्सा

मुद्दा फैसला गर्ने अधिकारीः- प्रमुख कर अधिकृत श्री गोपीकृष्ण कोइराला

मुद्दा फैसला भएको मितिः– २०७६/०६/०७

श्री आन्तरिक राजस्व कार्यालय, वीरगंज, पर्सा बाट भएको मिति २०७६/०६/०७ को निर्णय उपर चित्त नबुझी अन्तःशुल्क ऐन, २०५८ को दफा १९(१) को ३५ दिनको म्याद भित्रै राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्र रही दर्ता हुन आएको प्रस्तुत पुनरावेदन पत्रको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. उदयपुर डिष्टिलरी प्रा.लि.मा अन्तःशुल्क निरिक्षकको रुपमा खटी गएका कर्मचारीले उक्त उद्योगको मौज्दात रहेको ५० यु.पि. शक्ति १८० एम.एल. र ७० यु.पि. शक्ति ३०० एम.एल. साइजको अन्तःशुल्क स्टिकरको परिमाण र स्टिकर आम्दानी खर्च खातामा मौज्दात देखाइएको स्टिकरको परिमाण ठीक भए नभएको जाँच गर्ने क्रममा मौज्दात भिडान नभइ फरक परेको देखिएकोले छानबिन तथा अनुसन्धान गर्नुपर्ने भनी मिति २०७६/०१/१६ मा आन्तरिक राजस्व कार्यालय, पर्सा, वीरगंजमा सूचना सहितको निवेदन पेश गरेको।

२. उक्त निवेदन उपर आयकर ऐन, २०५८ को दफा ८२(१), मुल्य अभिवद्धि कर ऐन, २०५२ को दफा २३ तथा अन्तःशुल्क ऐन, २०५८ को दफा १२ बमोजिम छानविन तथा परीक्षण गर्न यस कार्यालयको मिति २०७६/०१/१६ को पत्रानुसार कर अधिकृत राजकुमार पोखरेल समेतको आकस्मिक निरीक्षण गरी कागजात कब्जामा लिएको तथा अन्य थप कागजात समेतको माग गरी विस्तृत अनुसन्धान तथा छानविन गरिएको।

३. अनुसन्धान अधिकृत राजकुमार पोखरेल समेतले छानविन गर्दा देखिएको तथ्यको आधार र कारण सहितको संक्षिप्त प्रतिवेदन र मिसिलमा संलग्न दशी प्रमाणहरुको आधारमा खडा गरी गरिएको थुनछेक आदेशमा ओम प्रकाश कलवारलाई विगो रकम, जरिवाना र अन्तःशुल्क ऐन २०५८ को दफा ४(ख) को उपदफा (२) बमोजिमको रकम र एक वर्ष कैद बापतको प्रतिदिन रू.३००।— का दरले हुने रकमसमेत जम्मा रू.२६,१६,७९,८४७।०० (छव्वीस करोड सोह्र लाख उनासी हजार आठ सय सत्चालिस रुपैया मात्र।-) धरौटी माग गर्ने, माग बमोजिमको धरौटी दाखिला गरे साधारण तारेखमा राख्ने र नराखेमा नियमानुसारको सीदा खान पाउने गरी कारागार कार्यालयमा थुनामा पठाउने गरी आदेश भएकोमा निजले माग बमोजिमको धरौटी नराखेकोले थुनामा पठाइएको।

४. अन्तःशुल्क टिकटको हिनामिना सम्बन्धी मुद्दाका सम्बन्धमा आकस्मिक निरीक्षणका क्रममा उदयपुर डिष्टिलरीको कारखानास्थलमा अन्तःशुल्क स्टिकरको मौज्दात गणना गरिएको मुचुल्का सहितको विवरण, कारोबार स्थलबाट बरामद भएको अन्तःशुल्क स्टिकरको रिजेक्टेड स्टिकर विवरण रहेको फाइल, उदयपुर डिष्टिलरी प्रा.लि. को Officer Portal System बाट प्राप्त तथ्याङ्क, करदाताले पेश गरेको निकासी माग फारमका कागज प्रमाण, कार्यालयमा उपस्थित भई करदाताले कर अधिकृत समक्ष दिएको बयान, स्टिकरको अ.ल्या. गर्दा अर्थात जिम्मेवारी सार्दा जानीजानी बदनियतपूर्वक कम संख्यामा अ.ल्या. गरेको निज संचालकले कार्यालयमा उपस्थित भई दिएको स्वीकारयुक्त बयान, अन्तःशुल्क निरीक्षकले पेश गरेको लिखित जवाफ तथा अन्तःशुल्क अधिकृतले दिएको जानकारी लगायतका तथ्य र प्रमाणबाट उक्त उदयपुर डिष्टलरी र सो डिष्टिलरीका संचालक ओम प्रकाश कलवारले जानीजानी बदनियतपूर्वक अन्तःशुल्क दबाउने, छिपाउने, छल्ने उदेश्यले अन्तःशुल्क स्टिकर हिनामिना र दुरुपयोग गरी कारोबार गरेको पुष्टि हुन आएकोले आ.व. २०७१/०७२ को हकमा सोही ऐनको को दफा १६ को उपदफा १

बमोजिम बिगो, जरिवाना र बिलम्ब शुल्कसमेत गरी जम्मा रू. ९,४८,८६३।००, आ.व. २०७३/०७४ को हकमा अन्तःशुल्क ऐन, २०५८ को दफा १६ को उपदफा १ बमोजिम बिगो, जरिवाना र बिलम्ब शुल्कसमेत गरी जम्मा रू. ७,६४,७६,७५७।०० र आ.व. २०७४/०७५ को हकमा सोही ऐनको दफा १६ को उपदफा २ बमोजिम बिगो, जरिवाना र बिलम्ब शुल्कसमेत गरी जम्मा रू. ७,९०,१०,२६२।०० आ.व. २०७५/०७६ को हकमा सोही ऐनको दफा १६ को उपदफा २ बमोजिम बिगो, जरिवाना र बिलम्ब शुल्कसमेत गरी जम्मा रू. १०,५१,३४,४६५।०० तथा १३ दिनको विलम्ब शुल्क रू.३,००,६९७।०० माग गर्ने र निजले उपरोक्तानुसार अन्तःशुल्क ऐन, २०५८ को दफा १६ को उपदफा १(क) र २(ख) बमोजिम गम्भीर प्रकृतिको कसूर गरेकाले निजलाई एक वर्ष कैद हुने ठहर्छ। निज प्रतिवादीले विगो र विगो बमोजिमको जरिवाना तथा बिलम्ब शुल्कसमेत रू.२६,१५,७०,३४७।०० नबुझाएमा जायजात असूल गर्नु र मुलुकी फौजदारी संहिता २०७४ को दफा १६४(२) बमोजिम जायजात गर्दा पनि असूल उपर नभए ७ वर्ष कैद सजाय हुने ठहर गरी आन्तरिक राजस्व कार्यालय वीरगंज, पर्साबाट मिति २०७६।०६।०७ मा भएको फैसला।

५. कम्पनीको सम्पूर्ण कागजात प्रत्यर्थी आफैले लिई कम्पनीको संचालकलाई थुनामा राखी अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ(२) विपरित सुनुवाईको मौका प्रदान नगरी प्राकृतिक न्यायको सिद्धान्त  र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतको विपरित फैसला भएको, उद्योगको गोदाम परिसरमा टाँस भइसकेको स्टिकर समेतलाई न्यून मौज्दात कायम गरी काल्पनिक बिगो कायम गर्न नमिल्नेमा बिगो कायम गरी कसुरै बिना जरिवाना र सजाय गरेको , अन्तःशुल्क नियमावली २०५९ को नियम २३ बमोजिम मौज्दात कमि १ प्रतिशत सम्म मिन्हा हुने प्रावधान समेतलाई बेवास्ता गरिएको, उद्योगबाट कति मदिरा उत्पादन भएको, कति जर्ती नोक्सानी भएको भन्ने बेहोराको अभिलेख सम्बन्धमा प्रत्यर्थीलाई यथार्थ जानकारी रहेको अवस्थामा तथ्य बङ्ग्याई गलत  तर्कको आधारमा अन्तःशुल्क स्टिकरलाई आधार लिई नलाग्ने एवम् तिरी बुझाई सकेको अन्तःशुल्क रकम माग गरी कसुरै बिना जरिवाना गरेको, अन्तःशुल्क स्टिकहरु कारखाना धनी वा आन्तरिक राजस्व कार्यालयबाट खटि आउने निरीक्षकको रोहबरमा राखिने हुँदा हचुवाको आधारमा मौज्दात न्यून भनी उत्पादन नै नभएको मदिरालाई उत्पादन कायम गरी बिगो कायम गरेको, अन्तःशुल्कको हिसाब कुन कानूनको आधारबाट निकाली सो मा के कस्तो हिसाबबाट शत प्रतिशत र दुइ सय प्रतिशत जरिवाना लगाइको हो फैसलामा नखुलाइएको हुँदा कानून विपरीत भएको, मदिरा उत्पादनको लागि आवश्यक कच्चा पदार्थ र सहायक कच्चा पदार्थको खरिद बिक्री र स्टक विश्लेषण नगरी कसुर कायम गरिएको, उद्योगको कुल पुँजी भन्दा बढी अन्तःशुल्क निर्धारण गरी उद्योग नै धरासायी गर्ने बदनियतबाट अन्तःशुल्क निर्धारण गरेको हुँदा विपक्षी कार्यालयबाट मिति २०७६।०६।०७ मा भएको फैसला र सो फैसलाका आधारमा जारी हुने तथा भएको अन्तःशुल्क निर्धारण आदेश एवम् सो संग सम्बन्धित पर्चा कानून विपरीत भएकोले बदर गरी नलाग्ने अन्तःशुल्क, जरिवाना, बिलम्ब शुल्क र कैदको

दायित्वबाट मुक्त हुने गरी फैसला गरी न्याय इन्साफ गरी पाउँ भन्ने समेत बेहोराको पुनरावेदक ओम प्रकाश कलवारका तर्फबाट मिति २०७६/०७/२० यस न्यायाधिकरणमा परेको पुनरावेदन पत्र।

६. यसमा मुलुकी फौजदारी कार्याविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७७।०८।१० को आदेश।

ठहर खण्ड

७. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ ईजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक ओम प्रकाश कलवारका तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री शम्भु थापा र श्री तुलसी भट्ट तथा विद्वान अधिवक्ता श्री नारायण नेपालले पुनरावेदक करदाताबाट नक्कली अन्तशुल्क टिकटको विषयमा नभई नियमानुसार कार्यालयबाट खरिद गरी ल्याएको टिकट हिनामिना भएको भन्ने कुरामा दुवै पक्षको मुख मिलेको अवस्था छ। पुनरावेदकले खरिद गरी ल्याएको अन्तशुल्क टिकट जिम्मा लिने कर्मचारीको दुर्भाग्यवश निधन हुन गएको कारणले हिसाव देखाउन नसकेको हो, विपक्षीले आ.व.२०७१/०७२ देखिको विवाद २०७६ सालमा उठाई कागजात पेश गर्न लगाएको छ। विपक्षीले अनुसन्धानको क्रममा मदिराको उत्पादन, प्रशोधन तथा प्रक्रियाको विषयमा ध्यान नदिई उत्पादित मदिराको मूल्यलाई आधार मानी विगो कायम गरिए तापनि उक्त कायम गरेको विगो समेत मिलेको छैन। तसर्थ अन्तशुल्क निरिक्षक तथा कर्मचारीको मिलेमतोमा हिनामिना भएको अन्तशुल्क टिकटको बारेमा थप अनुसन्धान समेत नगरी प्राकृतिक न्यायको सिद्धान्त विपरित, स्वच्छ सुनुवाईको मौका नदिई पुनरावेदकलाई थुनामा राखी आन्तरिक राजस्व कार्यालय, पर्सा, वीरगंजबाट भएको अनतशुल्क निर्धारण लगायतका अन्य आदेश त्रुटिपूर्ण रहेको हुँदा सो बदर गरी पुनरावेदन मागदावी बमोजिम गरी पाउँ भनी गर्नुभएको बहस तथा जिकिर समेत सुनियो।

८. यसैगरी प्रत्यर्थीहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिलको कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री सन्जीत गौतमले पुनरावेदकको कम्पनीले आन्तरिक राजस्व कार्यालय, वीरगंजबाट खरिद गरेको तथा अघिल्लो आ.व.बाट अल्या भएको मौज्दात अन्तशुल्क स्टिकरहरु वरावरको मदिरा उत्पादन नभएको तथा उत्पादित मदिरा विक्री वितरण पश्चात अन्तशुल्कमा दाखिला नगरी मौज्दात समेत नदेखाई अन्तशुल्क राजस्व छल्ने अभिप्रायले गरेको काम कारवाही उपर आन्तरिक राजस्व कार्यालय, वीरगंज, पर्साबाट भएको छानवीन एवं निर्णय कानूनसम्मत भएको हुँदा सो सदर कायम गरी पाउँ गर्नुभएको बहस तथा जिकिर समेत सुनियो।

९. यसमा करदाता ओम प्रकाश कलवार तथा निजको कम्पनी उदयपुर डिष्टिलरी प्रा.लि.ले अन्तशुल्क स्टिकर हिनामिना र दुरुपयोग गर्ने काम कारवाही गरेर अन्तशुल्क ऐन, २०५८

(संशोधन सहित) को दफा १६(१)(क) र दफा १६(२)(ख) बमोजिम (ठहर खण्डको एक ठाउँमा (क) उल्लेख भएको) कसूर गरी अन्तशुल्क राजस्व दवाएको, छिपाएको, छलेको पुष्टि हुँदा आ.व. ०७१।०७२, आ.व. ०७३।०७४, आ.व.०७४।०७५ र आ.व.०७५।०७६ को लागि जम्मा कर रु. ९,५२,५९,०४६।-, जरिवाना रु.१५,५५,२१,९०७।— र बिलम्व शुल्क रु. १,१०,९०,०९१।- समेत कूल रकम रु.२६,१८,७१,०४४।— तथा १ बर्ष कैद सजाय हुने ठहर गरी आन्तरिक राजस्व कार्यालय, वीरगंज, पर्साबाट भएको निर्णयमा चित्त नबुझाई करदाताको तर्फबाट प्रस्तुत पुनरावेदन दायर भएको देखिन्छ।

१०. उल्लेखित तथ्य, पुनरावेदकका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु, दुवै तर्फबाट उपस्थित हुनुभएका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत भएका बहसका बूँदाहरु र मिसिल संलग्न कागजात एवं प्रमाणहरुको अध्ययन गरी हेर्दा सुरु कार्यालयबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने देखियो।

११. अव निर्णयतर्फ विचार गर्दा राजस्व अनुसन्धान कार्यालय पथलैयाबाट मिति २०७६।१।२६ मा भएको आकस्मिक निरीक्षणको क्रममा भेटिएका कैफियत तथा आन्तरिक राजस्व कार्यालय, वीरगंज, पर्साबाट भएको अनुसन्धान बमोजिम उदयपुर डिष्टिलरी तथा निजका संचालक ओम प्रकाश कलवारबाट आ.व.०७१।०७२ मा ९,५०४ थान स्टिकर हिनामिना गरेवापत कायम गरीएको वीगो रु.३,९३,३८६।- वीगो बमोजिमको जरीवाना रु. ३,९३,३८६।- र विलम्ब शुल्क रु. १,६३,४८१।- समेत जम्मा रु.९,५०,२५३।-अन्तशुल्क निर्धारण भएको, आ.व.०७३।०७४ मा १५,५९,१४६ थान स्टिकर हिनामिना गरेवापत कायम गरीएको वीगो रु. ३,४६,०२,७९९।-, वीगो बमोजिम जरीवाना रु. ३,४६,०२,७९९।- र वीलम्ब शुल्क रु. ७३,९१,४२०।- समेत जम्मा रु. रु.७,६५,९७,०१८।- अन्तशुल्क निर्धारण भएको, आ.व.०७४।०७५ मा १०,८०,००० थान स्टिकर हिनामिना गरेवापत कायम गरीएको वीगो २,५६,३२,०००।-, वीगोको २००% जरिवाना ५,१२,६४,०००।- र वीलम्ब शुल्क रु. २१,७९,५४८।- समेत जम्मा रु.७,९०,७५,५४८।- अन्तशुल्क निर्धारण भएको र आ.व.०७५।०७६ मा १०,२१,०९१ थान स्टिकर हिनामिना गरेवापत कायम भएको वीगो रु. ३,४६,३०,८६१।-, वीगोको २००% जरिवाना रु. ६,९२,६१,७२२।-, वीलम्ब शुल्क रु. १३,५५,६४२।- समेत जम्मा रु. १०,५२,४८,२२५।- तथा मिति २०७६।०५।२६ देखि २०७६।०६।०७ सम्म १३ दिनको वीलम्ब शुल्क रु.३,००,६९७।- समेत अन्तशुल्क निर्धारण भएको मिसिल संलग्न फैसलाबाट देखिन्छ। सुरु कार्यालयबाट भएको अनुसन्धान तथा निर्णय साथै पुनरावेदकको पुनरावेदन जिकिरबाट प्रस्तुत घटनामा नक्कली स्टिकरको प्रयोग भएको नभई स्टिकर हिनामिनाको विषय रहेको देखिन्छ। पुनरावेदकले आफ्नो पुनरावेदन जिकिरमा समेत अन्तशुल्क स्टिकरको जिम्मेवारी लिने कर्मचारीको असामयिक निधनका कारण यस सम्बन्धमा निकौंल गर्न नसकिएको भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ। कानूनतः यस्तो

प्रकारको अपराधको सिर्जना हुँदा **Vicarious liability** अन्तर्गत कम्पनीमा काम गर्ने कामदारबाट भएको कसूरको दायित्व सो कम्पनीका मालिकबाट नै लिनुपर्ने हुन्छ। यस परिप्रक्षमा कम्पनीको तर्फबाट अन्तशुल्क स्टिकर हिनामिना भएको नै देखिन आयो। प्रस्तुत कसूरका सम्बन्धमा हुने दण्डका विषयमा अन्तशुल्क ऐन, २०५८ को दफा १६ मा प्रष्ट प्रावधान रहेको पाईन्छ।

१२. यसरी पुनरावेदक करदाता ओम प्रकाश कलवार तथा निजको कम्पनी उदयपुर डिष्टीलरी प्रा.ली.ले अन्तशुल्क ऐन, २०५८ को दफा १६ ले निर्दिष्ट गरेको कार्य विपरित अन्तशुल्क स्टिकर लुकाई, छिपाई, दवाई राजस्व छल्ने मनसायले मदिरा उत्पादन गरी विक्री वितरणको कार्य गरेको देखिँदा यस परिस्थितिमा आन्तरिक राजस्व कार्यालय, वीरगंज, पर्साबाट छानविन गरीएका विभिन्न आ.व.मा पुनरावेदकको हकमा विगो कायम गरेको सम्बन्धमा हेर्दा आर्थिक ऐन, २०५८ को दफा १६(१)(घ) पछि स्पष्टिकरण थप गरी अन्तशुल्क टिकट प्रयोग भएको वा हुन सक्ने बस्तुको शक्ति परिमाण वा आकारका आधारमा अन्तशुल्क लाग्ने मूल्य कायम गरी सो मा लाग्ने अन्तशुल्क समेत जोडी कायम गर्ने व्यवस्था भएको र हाल प्रचलनमा रहेको अन्तशुल्क ऐन, २०५८ मा मिति २०७५।४।१ देखि लागू भएको आर्थिक ऐन, २०७५ ले संशोधन गरी थप गरेको दफा १६ को उपदफा (३) ले पनि उक्त व्यवस्थालाई यथावत कायम गरेको स्थिति हुँदा शुरु कार्यालयबाट सोही कानूनी व्यवस्था अनुसार कायम गरेको विगोलाई अन्यथा मान्न मिलेन। तर आ.व. २०७४।०७५ को हकमा प्रतिवादीलाई अन्तशुल्क स्टिकर दवाई, छिपाई छली हिनामिना र दुरुपयोग गरी कारोवार गरेको भनि अन्तशुल्क ऐन, २०५८ को दफा १६(१)(क) अनुसार कसूर कायम गरिसकेपछि मिति २०७५।४।१ देखि लागू हुने गरी संशोधन भएको २००% जरीवाना २०७५ असारको हकमा समेत लागू गर्ने भनी कसूर कायम गरेको सो हदसम्म मिलेको देखिएन।

१३. अत यसमा माथि विवेचित तथ्य, आधार एवं कारण समेतबाट प्रतिवादी उदयपुर डिष्टिलरी प्रा.लि.का संचालक ओमप्रकाश कलवारलाई अन्तशुल्क टिकट दवाई, छिपाई, छली हिनामिना दुरुपयोग गरेको कसूर ठहर गरी निजलाई हुने सजायका सम्बन्धमा आ.व. ०७१।०७२, ०७३।०७४ र आ.व.०७५।०७६ का हकमा तत्काल प्रचलित कानून बमोजिम विगो कायम गरी जफत गर्ने, जरिवाना गर्ने, विलम्ब शुल्क माँग गर्ने साथै तजवीजी कैद गरेको शुरु आन्तरिक राजस्व कार्यालय, वीरगंज, पर्साबाट मिति २०७६।६।७ मा भएको फैसला सो हदसम्म मिलेकै देखिएपनि आ.व.०७४।०७५ का हकमा आर्थिक ऐन, २०७५ ले मिति २०७५।४।१ गतेदेखि लागू हुने गरी संशोधन भएको अन्तशुल्क ऐन, २०५८ को दफा १६(२)(ख) (ठहर खण्डको एक ठाउँमा (क) उल्लेख भएको) बमोजिम विगोको २००% जरिवाना गर्ने गरी भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई आ.व. ०७४।०७५ का हकमा समेत प्रतिवादीलाई तत्काल प्रचलित अन्तशुल्क ऐन, २०५८ को दफा

१६(१) अनुसार विगो बमोजिम जरिवाना हुने ठहर्छ। अरुमा पुनरावेदन जिकिर पुग्न सक्दैन। तपसिल बमोजिम गर्नु।

तपसिल खण्ड

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम पुनरावेदक ओमप्रकाश कलवारलाई आ.व. ०७४।०७५ का हकमा आर्थिक ऐन, २०७५ ले मिति २०७५।४।१ गतेदेखि लागू हुने गरी संशोधन भएको अन्तशुल्क ऐन, २०५८ को दफा १६(२)(ख) बमोजिम विगोको २००% जरिवाना गर्ने गरी भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ठहरेकाले उक्त आ.व. ०७४।०७५ का हकमा समेत निज प्रतिवादीबाट तत्काल प्रचलित अन्तशुल्क ऐन, २०५८ को दफा १६(१) अनुसार विगो बमोजिम जरिवाना लिनु भनि सुरु कार्यालयमा लेखि पठाउनु.......................................................................................१

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु...........................................................................................................२

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार नक्कल दिनू..................................३

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टागरी मिसिल नियमानुसार गरी बुझाईदिनू..........................................................................................४

(अध्यक्ष)
विनोद शर्मा

उक्त रायमा हामी सहमत छौं ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

राजेन्द्र पौडेल
(राजस्व सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
शाखा अधिकृतः श्री प्रमोद रिजाल
टिपोटमा सहयोग गर्नेः- ना.सु.श्री सुनिता थापा
इति सम्बत २०७७ साल चैत्र महिना १९ गते रोज ५ शुभम.......................................